*[गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन]*

**आदरणीय अध्यक्षज्यू, आजका सम्मानित 'ब्यौलाहरू', सत्यमोहन जोशीज्यू र उपस्थित विद्वान्-विदुषीहरू,**

धन्यवाद ज्ञापन गर्ने काम सदस्य-सचिवको जिम्मा लगाइआएको छ गुठीले। ठूलै काम हो यो। त्यसैले सर्वप्रथम गुठीलाई नै धन्यवाद भन्छु ।

आदरणीय सत्यमोहनजी, २०१४ सालमा तपाईं पहिलोपटक मदन पुरस्कार थाप्न आउँदा म तीन वर्षको थिएँ। मैले तपाईंलाई देखेकै भए पनि चिनिनँ हुँला। तर अठार सालमा तपाईं दोस्रोपटक आएको भने म सम्झन्छु। त्यसपछि २८ सालमा त म 'बुझुक' भैसकेको थिएँ १८ वर्षे युवक । तपाईंहरू चार जना साथै आउँदा एउटा-दुइटा कुरा तपाईंसँग मैले गरेको हुँ । आज विद्वद्प्रवचन दिने अभिभारा लिइदिनुभएकोमा धन्यवाद छ। पराजुलीज्यू, तपाईंको 'राम्रो रचना मीठो नेपाली' हामीलाई स्कूलमा त पढाएनन् तर ऐले मलाई त्यस किताबले नेपाली राम्रो लेख्न सिकाउँदै छ । त्यसका लागि तपाईंलाई धन्यवाद भन्छु। जगदीश घिमिरेज्यू, हामीलाई स्कूलमा 'फादरहरू'ले नेपाली किताप पनि पढ्नुपर्छ भन्दै भनेनन् । त्यो नभनेकाले हामीहरू कति कुराबाट वञ्चित भएछौं भन्ने ऐले बुझ्दै छु । तपाईंको 'अन्तर्मनको यात्रा' पूरै पढेपछि तपाइंका पूर्वप्रकाशित कृतिहरू नपढेर म कति ठगिएको रहेछु भन्ने बुझ्दै छु। तपाईंको यस कितापले ममा पनि ऊर्जा थपेको छ । यति आशावादी पुस्तक दिनुभएकोमा धन्यवाद !

उपस्थित विद्वान् मित्रहरू, दसैंको चाड तर विदा नभएको दिन, दिउँसोको समय ! तपाइंहरूमध्ये कति जनालाई यहाँ आउन कति धौधौ

पऱ्यो होला। तैपनि आइदिनुभयो, समारोहलाई सफल बनाइदिनुभयो। धन्यवाद छ सबै जनालाई !

रातो बङ्गला स्कूलका स्टाफलाई र प्राविधिकहरूलाई पनि धन्यवाद छ, यति राम्रो व्यवस्था मिलाइदिएकोमा।

गुठीका कर्मचारीको त यो आफ्नै कार्यक्रम हो तापनि दुःख नमानी यति खटेकोमा धन्यवाद छ। तल खानपानको व्यवस्था मिलाउन संलग्न सबैलाई र पस्केका कुरा मीठो मानी खाइदिने सबैलाई पनि अग्रिम धन्यवाद !

अनि यति राम्ररी सभा सञ्चालन गरिदिने एमसी-द्वय जसलाई हाम्रा अध्यक्षज्यू सभाका हर्ताकर्ता भन्नुहुन्छ, उहाँहरू सुधा तथा ज्ञाननिष्ठजीलाई पनि मेरो अभिभारा बोकिदिएकोमा हार्दिक धन्यवाद !

पुनः धन्यवाद !